नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

फाल्गुण/चैत्र २०६५(March 2009) वर्ष १३/अंक १४४

# हेर र फिक्री नगर

–प्रस्तुति: डीकन सिमोन पाठक

***सन् २००९ फरवरी २१ तारिक तदानुसार २०६५ फागुन १० गते***
***एल्डर महेश थाँजुले नेइम ज्ञानेश्वर मण्डलीमा बाँड्नुभएको वचनको सारसंक्षेप:***

**वचन खण्डहरू:** मत्ती ६:२५-३४, मत्ती ५ अध्याय, लूका ८:१-१४, प्रस्थान १६ अध्याय, मर्कूस ६:५२

मण्डलीका सदस्यहरूको जीवनमा भएका चिन्ता-फिक्री, समस्या, दु:ख, पीर, अशान्ति, रोग-बिमार, निन्द्रा नलाग्ने, सबै कुराहरूलाई परमेश्वर आफ्नो वचनद्वारा बढारेर फ्याँकिदिन चाहनुहुन्छ ।

मानिसहरूमा एकैनाशको चिन्ता फिक्री हुँदैन । व्यक्तिपिच्छे प्रत्येकमा फरक-फरक किसिमको चिन्ता हुन्छ । तर परमेश्वर हामीलाई उहाँको राज्यका मानिसहरू बनाउन चाहनुहुन्छ । उहाँको राज्यमा आएका मानिसहरू चिन्ता-फिक्री गर्नेहरू नहोऊन् भनेर परमेश्वर हामीलाई शिक्षा दिन चाहनुहुन्छ । चिन्ता फिक्री भन्ने कुरो हाम्रो शत्रु हो अनि परमेश्वरको पनि शत्रु हो । चिन्ता भन्ने शब्दको अर्थ बाइबलको मूल भाषाअनुसार "ध्यान अन्तै जानु" भन्ने हुन्छ । चिन्ता-फिक्रीले परमेश्वरका मानिसहरूको ध्यान परमेश्वरबाट, मण्डलीबाट संगतिबाट, वचनबाट, प्रार्थनाबाट अन्तै लगिदिन्छ । हामीहरूको मन र ध्यान परमेश्वरबाट हटेर संसारका थोकहरूमा लागेको उहाँ चाहनुहुन्न । यसैकारण प्रभुले मत्ती छ अध्यायमा चिन्ता फिक्रीको विषयमा भन्नुभएको कुरा मत्ती पाँच अध्यायबाट नै शुरू गर्नुभएको थियो ।

चिन्ता-फिक्रीले मानिसलाई कस्तो बनाइदिन्छ भन्ने कुरा बुझाउन प्रभुले लूका आठ अध्यायमा बीउ छर्नेको उखान भन्नुभयो । बीउ छर्दा विभिन्न ठाउँहरूमध्ये एउटा बीउ काँढाको झ्याङ्गमा पनि पर्‍यो । काँढाको झ्याङ्गमा पर्ने बीउ निसासियो । बाइबलको मूल भाषाअनुसार निसासिएको अर्थ दुई हातले घाँटीमा बेस्सरी समातेर अँठ्याउनु हुन्छ । बाइबलमा उल्लेख गरेको काँढे झ्याङ्ग अरू कुरा सांसारिक चिन्ता-फिक्री नै हो जसले हामीलाई निसासिदिन्छ । संसारको चिन्ता-फिक्रीले के खाउँला, के पिउँला, के लाउँला, कहाँबाट पाउँला, कोसँग गएर माग्ने, भन्ने कुराले हामीलाई निसासिदिन्छ । लूका ८:१४ पदअनुसार निसासिएको ठाउँमा परेको बीउ कामै नलाग्ने हुन्छ र त्यो बीउबाट फल पनि फल्न सक्दैन । हामी ख्रीष्टियान भएर पनि चिन्ता-फिक्रीमा अल्मलिरहचौं भने कहिल्यै पनि बढ्न सक्दैनौं । हामीमा आत्मिक परिपक्वता आउन पनि सक्दैन । लूका आठ अध्यायमा काँढाको झ्याङ्गमा परेर निसासिएको बीउको चित्र चिन्ता-फिक्रीमा डुबेका ख्रीष्टियानहरूको चित्र हो ।

लूका २१:३४ को चित्र पनि चिन्ता-फिक्रीमा डुबेका ख्रीष्टियानको चित्र हो । तिनीहरू प्रभुको दोस्रो आगमनको समयमा पनि तयार भएका हुँदैनन् । संसारका थोकहरूमा डुबिरहने ख्रीष्टियनको जीवन लापरवाहीको जीवन हुन्छ । त्यस्ता ख्रीष्टियनहरूको निम्ति प्रभुको निम्ति ऊसँग समय हुँदैन, ऊ सधैंनै संसारको चिन्ता-फिक्रीमा डुबिरहेको हुन्छ । चिन्ता-फिक्री ख्रीष्टियानहरूको निम्ति हानिकारक छ भने अब हामीले के गर्ने सो विषयमा प्रभुले मत्ती ६:२४-३४ पदहरूमा बताउनुभएको छ । त्यसकारण आजको प्रवचनको शीर्षक **"हेर र फिक्री नगर"** ।

प्रभुले चेलाहरूलाई हेर र फिक्री नगर भन्नुभयो । ग्रीक भाषामा हेरलाई **"काटामान्थाडो"** भनिन्छ । प्रभुले हेर भन्नुभएको कुरालाई चारवटा बुँदाहरूमा मत्ती ६:२४-३४ पदबाट हेर्नेछौं:

१. प्रकृतिलाई हेर
२. प्राणलाई हेर
३. परमेश्वरलाई नचिन्नेहरूलाई हेर
४. परमेश्वरलाई नै हेर

**१. प्रकृतिलाई हेर:** प्रभुले चिन्ता-फिक्री नगर्ने सम्बन्धमा शिक्षा दिनु हुँदा आकाशका चराचुरूङ्गीलाई र मैदानका लिली फूललाई हेर भन्नुभयो । प्रभुले प्रकृतिमा भएका कुराहरूलाई हेर भन्नुभयो । प्रस्थान १६ अध्यायमा इस्राएलीहरू अतिनै भोकाए र परमेश्वरसँग गन-गन गरे किनकि तिनीहरूसँग मत्तीको सुसमाचार ६ अध्याय थिएन । तर प्रभुले आज हामीलाई प्रकृतिमा भएका फूल, घाँस, चराचुरूङ्गीलाई हेर भन्नुभएको छ । किन प्रभुले हेर भन्नुभयो ? प्रभुले हेर भन्नेलाई अर्को कुरा पनि भन्नुभयो । तिनीहरू नता बीउ छर्छन् नता अन्न कटनी गर्छन, नता भकारीमा बटुल्छन् । हाम्रो परमेश्वर बीउ नछर्ने, अन्न कटनी नगर्ने र भकारीमा जम्मा नगर्नेहरूलाई पनि खुवाउने परमेश्वर हुनुहुन्छ । केही नगर्ने चराचुरूङ्गीलाई त परमेश्वरले खुवाउनुहुन्छ भने उहाँका छोराछोरीहरूलाई के परमेश्वरले खुवाउनुहुन्न ? ट्राफिक पुलिसले हात उचालेर गाडी रोकेजस्तै परमेश्वर हामीलाई यहाँदेखि उताको जीवनको फिक्री नगर भनेर रोक्न चाहनुहुन्छ । फिक्रीलाई ग्रीक भाषामा **"मेरिबनाओ"** भनिन्छ जसको अर्थ **"तिम्रो मन वा तिम्रो ध्यान अन्त नलैजाओ"** हो । हरेक दिन परमेश्वरले सृजनुभएको दिन भएको हुनाले हामीले भोलिको निम्ति फिक्री गर्नुपर्दैन । जसरी चराचुरूङ्गी, लिली फूल र घाँसलाई खुवाउने र सिंगार्ने परमेश्वर हाम्रो परमेश्वर हुनुहुन्छ । उहाँले नै आफ्ना छोराछोरीलाई खुवाउने र पहिऱ्याउने कुराको बन्दोवस्त मिलाइदिनुहुन्छ । हामीले त्यस्ता कुराको निम्ति चिन्ता-फिक्री गर्नुपर्दैन ।

**२. प्राणलाई हेर:** के खाऔंला ? कि के पिऔंला ? कि के पहिरौंला ? भनेर फिक्री नगर भनेर प्रभुले भन्नुभयो, प्राणलाई हेर । मत्ती ६:२५-२७ पदमा एउटा अचम्मको रहस्य लुकेको छ । तिमीहरूले जुन कुराको निम्ति फिक्री गरिराखेका छौ, ती कुराहरू मेरो दृष्टिमा बहुमूल्य छैन । प्रभु भन्नुहुन्छ, मेरो दृष्टिमा खाने, लाउने र पिउने कुराभन्दा तिमीहरूको जीवन, शरीर र प्राण पो मूल्यवान छ । हामीहरूले रातदिन फिक्री गरिरहेका र ती प्राप्त गर्नलाई रातदिन दौडिराखेका कुराहरू मूल्यवान छैनन् । प्रभुको दृष्टिमा मूल्यनै नभएका कुराहरूको निम्ति किन हामीले फिक्री गर्ने ? यदि तपाईंको मोटर साइकल छ भने पेट्रोल कसले हालिदिन्छ ? तपाईं आफैले नै पेट्रोल हाल्नुहुन्छ, होइन र ? त्यसरीनै तपाईंको यो जीवन, परमेश्वरको हो भन्नुहुन्छ भने जीवन, शरीर र प्राणलाई चाहिने कुरा दिनुहुने पनि परमेश्वरनै हुनुहुन्छ । हामीले खाने, लाउने, कुराभन्दा प्रभुलाई हाम्रो जीवन, शरीर र आयुको बढी वास्ता छ । उहाँको दृष्टिमा हाम्रो जीवन, प्राण, शरीर र आयुचाहिँ बढी बहूमूल्य छ । त्यसकारण हामीले हाम्रो दैनिक खाँचोहरूको निम्ति रातोदिन फिक्री

गर्नु आवश्यक छैन । परमेश्वरलाई हामीहरूको आवश्यकता के छ सो जान्नुहुन्छ र चाहिने थोकहरू पनि जुटाइदिनुहुन्छ ।

**३. परमेश्वरलाई नचिन्नेहरूलाई हेर:** "आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यस पहिराउनुहुन्छ भने ... के तिमीहरूलाई झन् बढी उहाँले पहिराउनुहुने छैन र ? ... किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन् र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ ।" (मत्ती ६:३०-३२) बाइबलको केही अरू संस्करणहरूमा अन्यजातिलाई अयहूदी, गैरयहूदी पनि चलाइएको छ जोहरू परमेश्वरका मानिसहरू होइनन् । जसलाई परमेश्वरले बोलाउनुभएको वा छान्नुभएको होइनन् । जसले यहोवेलाई आफ्नो परमेश्वर मान्दैनन् । तिमीहरूको चर्चा प्रभुले गरिराख्नुभएको छ । प्रभुलाई नचिनेका मानिसहरूले यी सबै कुराहरूको फिक्री गर्छन् । यदि हामीले पनि संसारका मानिसहरू जस्तै फिक्री गर्छौं भने हामी र प्रभुलाई नचिनेकाहरूमा केही फरक हुँदैन । व्यवस्था ७:६ पदअनुसार हामीहरू एक विशेष जाति हुनलाई छानिएका जाति हौं । परमेश्वरका अमूल्य सम्पत्ति हौं । अनि परमेश्वरले नछान्नुभएका जातिको जस्तो व्यवहार परमेश्वरलाई मन पर्दैन । इस्राएलीहरूलाई मिश्रबाट निकालेर प्रतिज्ञाको मुलुक कनान देशमा पुर्‍याउन चाहनुहुन्थ्यो तर उजाड-स्थानमा परमेश्वरका आफ्ना मानिसहरूले मिश्रीहरूको जस्तो व्यवहार देखाए । हामी भोकै भयौं । हामीलाई मासु चाहियो । हामीलाई खान पुगेन । हामी अघाएनौं । परमेश्वरका मानिसहरूले बोल्ने भाषा यो होइन ।

परमेश्वरले इस्राएलीहरूलाई मन्न र बट्टाइ चरा दिनुभयो (प्रस्थान १६ अध्याय) । एक ओमेर अर्थात् आधा पाथी प्रतिव्यक्ति बटुल्नलाई परमेश्वरले भन्नुभयो । तर उनीहरूसँग नाप्नको निम्ति भाँडा थिएन । त्यसकारण कसैले बढी र कसैले कम बटुलेका थिए । तर अचम्मको कुरा धेरै बटुल्नेको ज्यादा भएन र कम्ती बटुल्नेलाई अभाव पनि भएन । किनकि नाप्ने भाँडो परमेश्वरको थियो । हामी अघाउनको निम्ति प्रशस्त हुनुपर्छ भन्ने छैन । हाम्रो परमेश्वरले दुई माछा र पाँच रोटीले पाँच हजारलाई अघाउन सक्ने गराउनुहुन्छ । चेलाहरूले सांसारिक हिसाबले चिन्ता गरेका थिए । दुई सय दिनारले पनि यिनीहरूलाई तृप्त पार्न सकिँदैन तर परमेश्वरलाई धेरै चाहिँदैन । त्यसकारण प्रभुले भन्नुभयो अन्यजातिहरू जस्तो फिक्री नगर । उनीहरू जस्तो व्यर्थमै नबरबराओ । फिक्री गर्ने काम प्रभुलाई नचिनेका मानिसहरूको निम्ति हो किनकि उनीहरूले थोरैलाई आशिष् दिएर धेरै बनाउनु हुने परमेश्वरलाई चिनेका छैनन् ।

**४. परमेश्वरलाई नै हेर:** "स्वर्गका पिताले तिमीहरूलाई खुवाउनुहुन्छ, ...पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ" (मत्ती ६:२६,३२) । येशू प्रभुले परमेश्वरको निम्ति पिता शब्द चलाउनु भयो । तपाईं र मलाई चिन्ता-फिक्री नगर्ने व्यक्ति बनाउनको लागि हामीले चिन्ता-फिक्रीलाई पन्छाउने हो भने स्वर्गमा हुनुहुने परमेश्वरलाई बुवा भन्नुपर्‍यो । हाम्रो जीवनबाट सांसारिक चिन्ता फिक्री हट्नको निम्ति परमेश्वरलाई बुवा भनेर सम्बोधन गर्नुपर्छ । जब हामी परमेश्वर लाई बुवाको रूपमा चिन्छौं । हामीलाई थाहा हुन्छ, उहाँले हामीलाई चाहिने सबै कुरा जुटाइदिनुहुन्छ । यूहन्ना १:१२ पदअनुसार जुन दिन हामीले प्रभुलाई ग्रहण गर्‍यौं, त्यही दिनदेखि परमेश्वर हाम्रो बुवा हुनुभयो । त्यही दिनदेखि हामीलाई परमेश्वरलाई बुवा भन्ने अधिकार प्राप्त भयो । त्यसकारण हामीले परमेश्वर बुवालाई हेर्नुपर्दछ किनकि उहाँले हामीलाई हेरिराख्नुभएको छ । मेरो छोराछोरीलाई के चाहियो, कुन कुराको दरकार छ ? ती उहाँ जान्नुहुन्छ र पूरा पनि गर्न चाहनुहुन्छ । उहाँले भन्नुभएको छ, "माग त तिमीलाई दिइनेछ ।" त्यसकारण हामीले परमेश्वर बुवालाई सबै समयमा र सबै अवस्थामा हेर्नुपर्दछ । तब हामी चिन्ता-फिक्रीबाट जय पाउन सक्नेछौं ।

## युवा रिट्रिट

फाल्गुण २७ गते/मार्च १० ता. मंगलबार बिहान ६:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म युवा रिट्रिट ज्ञानेश्वर मण्डलीमा राखिएको हुनाले मण्डलीका सबै जवानहरूलाई स्वागत छ।

## जानकारी

सोह्रखुट्टे बस्नुहुने गोंगबूँ मण्डलीको सदस्य **श्री बाबुकाजी महर्जन** ४७ वर्षको उमेरमा २०६५ माघ २४ गते/२००९ फरवरी ६ ता. शुक्रबार प्रभुमा सुत्नुभयो।



धुम्बाराही बस्नुहुने ज्ञानेश्वर मण्डलीको सदस्य **श्री प्रशान्त सुब्बा** ३४ वर्षको उमेरमा २०६५ माघ २६ गते/२००९ फरवरी ८ ता. आइतबार प्रभुमा सुत्नुभयो।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार<br>शनिबार<br>शनिबार | बिहान ८:०० र ११:०० बजे<br>बिहान ९:०० र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर र रानीपौवा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट<br>महिनामा दुईपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर<br>जोरपाटी, गोगबूँ |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:१५ बजे | नयाँ बानेश्वर |
| | सोमबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:१५ बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर |
| | बुधबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:१५ बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा |

## शनिबार आराधना सेवामा वचन बोल्नेहरुको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चैत्र १ गते, मार्च १४ ता. | एल्डर सलोन कार्थक | एल्डर महेश थाँजु | एल्डर राजेन्द्र रोंगोंग | पाष्टर रोबर्ट कार्थक | एल्डर दफ्तन सादा | एल्डर अशोक मुखिया | श्री नर बहादुर श्रेष्ठ | एल्डर सामुएल कार्थक | डीकन सागर थापा | श्री नवराज के.सी. | श्री चित्र बहादुर केसी. |
| चैत्र ८ गते, मार्च २१ ता. | डीकन सामुएल क्षेत्री | डीकनेस् सीता गुरूङ्ग | पाष्टर रोबर्ट कार्थक | डीकन बी.एन. पण्डित | डीकनेस् श्रीलक्ष्मी सैजु | डीकन अर्जुन ढकाल | एल्डर बि.बि. खवास | डीकन घनश्याम दाहाल | संयुक्त सेवा जोरपाटी चर्च | डीकनेस् ग्रेस खालिङ | श्री कुमार सेञ्चुरी |
| चैत्र १५ गते, मार्च २८ ता. | डीकन सिमोन पाठक | पाष्टर रोबर्ट कार्थक एल्डर बि.बि. खवास | एल्डर महेश थाँजु | एल्डर दफ्तन सादा | डीकन रूबेन श्रेष्ठ | एल्डर अशोक मुखिया | श्री राज गुरूङ्ग | श्री बागमान तामाङ्ग | श्री कृष्ण श्रेष्ठ | श्री सैदीप तामाङ्ग | श्रीमती जमुना घिमिरे |
| चैत्र २२ गते, अप्रिल ४ ता. | पाष्टर रोबर्ट कार्थक | एल्डर रोल्याण्ड रोंगोंग | एल्डर प्रेम श्रेष्ठ | एल्डर एल.पी. न्यौपाने | श्रीमती गंगा श्रेष्ठ | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्री कृष्ण श्रेष्ठ | संयुक्त सेवा ज्ञानेश्वर चर्च | एल्डर एस. सोदेम्बा | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |

## हार्दिक बधाई



श्री लाइडिक योञ्जन
र
सुश्री रूपा श्रेष्ठ



श्री नकुल आचार्य
र
सुश्री लक्ष्मी बजगाईं

पवित्र वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## प्रार्थनाका विषयहरू

१. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगति आएको होस् भनी देशको लागि प्रार्थना गरौं ।

२. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

३. नेपाल देशमा भएका सबै मण्डलीहरूले पवित्र आत्माको बप्तिस्मा पाउन सकून् र आत्माको भरपुरीमा वरदान चलाउने मण्डलीहरू हुन सकून् ।

४. नेइम अन्तर्गतका सबै शाखा, आबद्ध मण्डलीहरू प्रार्थना, वचन पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचारको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् भनी प्रार्थना गरौं ।

५. नेइम परिषद्का एल्डर, डीकन, डीकनेसहरूको सेवकाई, काम-व्यवसाय, परिवार साथै उहाँहरू एउटै दर्शनमा रहेर मण्डलीलाई डोऱ्याउन सकून् ।

६. नेइम ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, गुर्जुधारा मण्डलीहरूको सेवा संगतिहरू अझै बढ्दै र फैल्दै जान सकोस् ।

## जानकारी

- माघ १७ गते/जनवरी ३० ता. शुक्रबार गोंगबूँ मण्डलीका १२ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो।
- फाल्गुण ७ गते/फरवरी १८ ता. बुधबार ज्ञानेश्वर मण्डलीमा नेइमका सबै ठाउँहरूबाट घरेलु संगतिको महाभेला सम्पन्न भयो। सो भेलामा गीत, नाटक, नाच, कविता प्रस्तुत गरिएको थियो भने घरेलु संगतिमा गएर पाएका आशिषहरू पनि बाँड्चुँड् गरिएको थियो साथै एल्डर सामुएल कार्थकले घरेलु संगतिको महत्व विषयमा वचनबाट बाँड्नुभएको थियो।
- फाल्गुण ४-८ गते/फरवरी १५-१९ ता. आइतबारदेखि बिहीबारसम्म ज्ञानेश्वर मण्डलीमा मेरी गुरूआमा स्मृति प्रतिष्ठान अन्तर्गत अनौपचारीक शिक्षा सहयोगी तालिम सञ्चालन भएको थियो। तालिममा ज्ञानेश्वर मण्डलीबाट ५ जना, ललितपुर मण्डलीबाट ३ जना, जोरपाटी मण्डलीबाट २, गाम्छा मण्डलीबाट १ जना, गोंगबूँ मण्डलीबाट १ जना र गुर्जुधारा मण्डलीबाट २ जना गरी जम्मा १४ जनाले तालिममा भाग लिनुभएको थियो।
- फाल्गुण ११ गते/फरवरी २२ ता. आइतबार नेइम गोंगबूँ मण्डली अन्तर्गत त्रिशूली रातेमाटे (तादि खोला) संगतिका ९ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो।
- २००९ को जनवरीमा नेइम गोंगबूँ मण्डलीका १५ जना विश्वासीहरूले समर्पण गर्नुभयो।

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२५ 8**<br>विभिन्न क्षेत्रमा सेवकाई पुऱ्याइ-राख्नुभएकाहरूको सेवकाई, परिवार साथै काम व्यापार सबै क्षेत्रमा आशिष मागिदिऔं ।<br>भजनसंग्रह १२८:१-६ | **२ 15**<br>मण्डलीमा भइरहेको सबै साप्ताहिक सेवा संगतिहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>कलस्सी २:६-७ | **९ 22**<br>इस्राएल देशमा रहेका यहूदीहरूले प्रभु येशूलाई मुक्तिदाताको रूपमा चिनेर आफ्नो हृदयमा बोलाउन सकून् ।<br>यर्मिया ३१:३१-३४ | **१६ 29**<br>गाउँघरमा रहेका मण्डलीहरू साथै शाखा/आवद्ध मण्डलीहरू प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>हितोपदेश २:७-८ |
| **सोमबार MONDAY** | **२६ 9**<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएका प्रार्थनाहरूमा पाएको उत्तरमा साथै नपाएको उत्तरमा पनि सधैं धन्यवादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१७ | **३ 16**<br>विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नेहरूको कमाइमा परमेश्वरको आशिष र उन्नति मागिदिऔं ।<br>व्यवस्था २८:८-१३ | **१० 23**<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | **१७ 30**<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० |
| **मंगलबार TUESDAY** | **२७ 10**<br>पूर्णकालिन सेवारत सेवक/सेविकाहरूको सेवकाईमा अझ बोझ, दर्शन, समर्पणता र पवित्र आत्माको अभिषेक मागिदिऔं ।<br>भजनसंग्रह ५७:२ | **४ 17**<br>प्रभु येशू ख्रीष्टमा भएकाहरू जीवनका सबै अवस्था र परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनेहरू हुन सकौं ।<br>हबकूक ३:१७-१९ | **११ 24**<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको आखिरी घडीसम्मै प्रेम गरिरहने र उहाँको भएर जिउन सकौं भनेर अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-५ | **१८ 31**<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केबल विश्वासीहरू मात्र होइनन् तर ख्रीष्टको चेलाहरू भएर जिउन सकून् ।<br>कलस्सी १:२८ |
| **बुधबार WEDNESDAY** | **२८ 11**<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा गर्दै जान सकून् ।<br>१ पत्रुस ५:२-४ | **५ 18**<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिष्को कारणहरू बन्न सकौं ।<br>हिब्रू १३:१६ | **१२ 25**<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>२ तिमोथी ३:१४-१६ | **१९ April 1**<br>वृद्ध अवस्थामा रहेकाहरू निराश, चिन्ता र अशान्तिमा होइन तर प्रभुमा धन्यवादी भई प्रार्थनामा जीवन बिताउनेहरू हुन सकून् ।<br>यशैया ६४:४ |
| **बिहीबार THURSDAY** | **२९ 12**<br>मण्डलीका विश्वासीहरू सबै प्रकारको भूल, धोका दिने झूठा शिक्षा र शिक्षकहरूको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले नै जोगाऊन् ।<br>२ यूहन्ना ७-१० | **६ 19**<br>हामीले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको काममा परमेश्वरको महिमाको लागि चलाउन सकौं ।<br>रोमी १२:६-८ | **१३ 26**<br>प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर गएकाहरू अनुग्रहको समय छँदा नै पश्चात्तापी भई प्रभुमा फर्कन सकून् ।<br>यर्मिया ३१:१६-२० | **२० 2**<br>चिन्ता, समस्या, रोग, अभाव, बन्धन, निराश, ऋण, बेमेल, मुद्दा, अशान्तिले सताइएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यर्मिया ३३:१-१० |
| **शुक्रबार FRIDAY** | **३० 13**<br>प्रत्येक शनिबार वचनको सेवकाई गर्नुहुने परमेश्वरको सेवकहरूको सेवकाईमा आशिष् मागिदिऔं ।<br>यर्मिया १:४-१० | **७ 20**<br>मण्डलीका यहोवा यीरे जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू हुन सकून् ।<br>२ तिमोथी २:२२ | **१४ 27**<br>मण्डलीका सबै बाल बालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाजलाई सुन्न सकून् ।<br>१ शमूएल ३:१-१० | **२१ 3**<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गरी ग्रहण गर्न सकून् ।<br>यशैया ४५:२०-२३ |
| **शनिबार SATURDAY** | **१ चैत्र 14**<br>देशका सबै मण्डलीहरूमा प्रचारिएको वचन मलिलो माटोमा परेको बीउझैं हुन सकोस् ।<br>मत्ती १३:३-९ | **८ 21**<br>विदेशमा पढाई, रोजगार साथै सेवकाईको लागि जानुभएका मण्डलीका सदस्यहरू निरन्तर संगतिहरूमा जान सकून् ।<br>लेवी २०:२६ | **१५ 28**<br>स्कूल, क्याम्पस, उच्च शिक्षाको साथै विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाई साथै तालिमहरूमा आशिष् मागिदिऔं ।<br>हितोपदेश ३:१-६ | **२२ 4**<br>मिशनेरी भएर जानुभएकाहरू आफ्नो बोलावटप्रति इमान्दार र विश्वासयोग्य भइरहन सकून् ।<br>हिब्रू ६:९-१२ |

के कुनै आमाले आफ्नो दूधे बालकलाई बिर्सन सक्छे र ? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र ? त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाई बिर्सन सक्दिनँ । हेर्, मैले तँलाई मेरो हत्केलामा खोपेको छु । तेरा पर्खालहरू निरन्तर मेरै सामुन्ने छन् ।

यशैया ४९:१५-१६

प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं. ४४१४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nepalisaimandali.org